**भूमि तथा कृषि अधिकार अभियान**
मासिक अपडेट
**फेब्रुअरी, २०१८**

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल

(सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, जिल्ला भूमि अधिकार मञ्च र राष्ट्रिय भूमि अधिकार मञ्चले फेब्रुअरी महिनामा गरेको गतिविधिको संक्षिप्त अपडेट )

## संयुक्त पुर्जा बनाउने थपिए

बर्दियामा २६, उदयपुरमा १७, महोत्तरीमा ११, सिरहामा ८, दाङ्गमा ३, सर्लाहीमा १ र रौतहटमा १ गरी जम्मा ६७ जोडीले संयुक्त पुर्जा बनाई १८.०३६ हेक्टर जमिनमा समान स्वामित्व कायम गरेका छन् ।



*"पहिले नै हाम्रो विवाह भए पनि सम्पत्तिको नाममा उनको केही पनि थिएन । केही समय अघिसम्म मात्रै पनि महिलाको जमिन र अन्य सम्पत्तिका श्रोतमा पहुँच हुनुपर्छ भन्ने बारे मैले सोचेको थिइन । अहिले हामीले हाम्रो जमिनको संयुक्त लालपुर्जा बनाएका छौं । हामीलाई फेरी विवाह भएको जस्तो अनुभुती भएको छ । हामी दुवै खुसी छौं ।"* ***–जुगन थारु र कलावती चौधरी, बर्दिया***

## सुकुम्बासीलाई लालपुर्जा

सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिका वडा नं २ का बलदेब नगरकोटीका छोरा सन्तोस नगरकोटी र नाबालक छोरी शान्ति नगरकोटीको संयुक्त नाममा ०.२७९ हेक्टर क्षेत्रफल जमिनको लालपुर्जा निर्माण भएको छ । बलदेब नगरकोटीको २०६५ सालमा मृत्यु भएपछी नगरकोटीको नाममा रहेको लालपूर्जा उहाँका छोरा र छोरीमा सार्नका लागि जिल्ला भूमी अधिकार मञ्चले गरेको पहल एवं पैरवी पश्चात यो उपलब्धि हासिल भएको हो ।



## गुठी पुर्जा निर्माण

सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिका वडा नं १ को छहरेध्याङ्ग गुठीको जग्गा पुस्तौ देखि प्रयोग गर्दै आएका ३२ घरधुरीको जिल्ला भूमी अधिकार मञ्चको सहजीकरणमा गुठी पुर्जा बनेको छ । २०७३ सालमा जग्गा दर्ताको लागी ३२ परिवारले निवेदन दर्ता गराएकोमा १९ को मात्र प्रक्रिया पुगेकाले १९ परिवारलाई मात्रै पुर्जा दिने निर्णय भएको थियो । भूमि अधिकार मञ्चले पुर्जा निर्माणको सबै प्रक्रिया पुरा गर्न सहयोग गरे पश्चात सबै ३२ घरधुरीलाई गुठि पुर्जा वितरण गर्ने निर्णय गरिएको थियो ।

## कृषि उद्यम

सर्लाहीको संघर्षशील गाउँ भूमी अधिकार मञ्चले च्याउ उत्पादन गरी रु २०० का दरले २२३ किलो र रु १८० का दरले १५९ किलो बेचेर रु ७३,२२० आम्दानी गरेका छन् । त्यसैगरी महोत्तरीको ज्योती गाउँ भूमी अधिकार मञ्च, महोत्तरीकै चारघरे गाउँ भूमि अधिकार मञ्चले क्रमश: २०२ र १९६ किलो च्याउ विक्रि गरी रु ४०,४०० र रु ३९,२८० आम्दानी लिन सफल भएका छन् ।

यसका साथसाथै रौतहटको जनताशिल गाउँ भूमि अधिकार मञ्च र शिवशक्ति गाउँ भूमि अधिकार मञ्चले जिल्ला मञ्चको सहयोगमा ८ कट्ठा जग्गा भाडामा लिई बेमौसमी तरकारी खेती सुरु गरेका छन् ।

## मोही जागरण यात्रा

जिल्ला भूमि अधिकार मञ्च, रौतहटको आयोजनामा २०७४ फागुन १० देखि १४ गतेसम्म मोही जागरण यात्रा सम्पन्न भएको छ । सो यात्रा रौतहटको वृन्दावन नगरपालिकाको धनगढी रमौली, गढिमाई नगरपालिकाको समनपुर, हथियौल, सग्रामपुर र दुर्गा भगवति गाउँपालिकाको लौकाहा, पिपरा भोलाहिया, पचरुखी हुदै १४ गते जिल्ला भुमि सुधार कार्यालयको प्राङ्गणमा समापन गरिएको थियो । समापनका क्रममा भूमि सुधार कार्यालयका नायव सुब्बासंग स्थानीय तहमा देखिएका समस्याका विषयमा अन्तरक्रिया गरिएको थियो । मोहि यात्राका क्रममा  मोहि जग्गा बाँडफाँडको लागी निवेदन दिए पनि भूमि सुधार कार्यालयले त्यसको सम्बोधन नगरेको भनी मोहि किसानहरुले गुनासो व्यक्त गरेका थिए । मोही किसानको मागबारे सम्बोधन गर्दै सरोकारवाला निकायका प्रतिनिधीले मोही किसानले उठाएका मागहरु कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।



## अगुवा क्षमता अभिवृद्धी कार्यशाला

ओखलढुङ्गाको सुनकोशी गाउँपालिका वडानं. ७ को च्यानममा फेब्रुअरी १० र ११, २०१८ मा स्थानीय सरकार र भूमि आन्दोलन विषयक अगुवा क्षमता अभिवृद्धि कार्यशाला सम्पन्न भयो । कार्यक्रममा भूमि र कृषि सुधारको सवालमा मोलुङ्ग र सुनकोशी गाउँपालिकाका विद्यमान सवालका बारेमा छलफल गरिएको थियो । त्यसैगरी कार्यक्रममा गाउँपालिका र नगरपालिका र वडाको काम कर्तव्य र अधिकार, वडा भित्र हुने योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन, तथ्याङ्क अद्यावधिक तथा संरक्षण, विकास, नियमनको कार्य पालिकाले गर्ने र वडा अध्यक्षले प्रमाणित तथा सिफारीश समेंत गर्ने ३५ वटा कामका विषयमा छलफल भएको थियो । त्सैगरी कार्यशालामा सुकुम्बासी समस्या समाधान गर्न महिलाविरुद्ध हुने हिंसा रोक्न, जेष्ठ नागरिकको सुरक्षा गर्न, परिवारमा छोरा, बुहारी, छोरीमा हक हस्तान्तरणलगायतका विषयमा अगुवा कार्यकर्ताले स्थानीय तहमा गर्न सक्ने कार्यका विषयमा छलफल भएको थियो ।



**संगठन सवलीकरण**

| जिल्ला | बाँके | दाङ्ग | सिरहा | उदयपुर | रौतहट | सर्लाही | महोत्तरी | सिन्धुपाल्चोक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| नयाँ गाउँ मञ्च निर्माण | १ | १ | | | | २ | | ७ | ११ |
| वडा मञ्च निर्माण | | ३ | | ३ | | | २ | | ८ |
| सदस्यता नवीकरण | १०७० | | ११४ | | ४२८ | ६०२ | | १९९ | २४१३ |
| नयाँ सदस्यता वितरण | ६२८ | ९६ | | | | १०४ | | २३९ | १०६७ |

**मोही भेला सम्पन्न**

मोही बाँडफाँडको प्रक्रियालाई सहज बनाउनको निम्ती सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका वडा नं–९ पखेरामा मिति फेब्रुअरी १७ र १८, २०१८ मा मोही भेला सम्पन्न भएको छ । कार्यक्रममा राष्ट्रिय भूमि अधिकार मञ्चका पूर्व अध्यक्ष सोम प्रसाद भण्डारी, प्रदेश नम्वर ३ का संयोजक रमेश देवकोटा, पूर्व जिल्ला अध्यक्ष नवराज गुरागाईं र ग्यालजेन लामा र जिल्ला संयोजक माधव ढकालले हालसम्म भएको प्रगती र अहिले देखा परेका समस्या र समाधानका विकल्प र गुठीको पुर्जा निर्माण मोहि बाँडफाँडको अहिलेको अवस्था तथा अपनाउनुपर्ने प्रक्रियाका विषयमा प्रशिक्षण दिनुभएको थियो । प्रशिक्षण पश्चात मालपोत कार्यालयमा गुठीको पुर्जा निर्माण तथा वितरण, मोहि बाँडफाँट र अनुदानका लागी सुकुम्बासीको निवेदन पेश र संयुक्त पुर्जा निर्माणमा सवालगत योजना निर्माण भएको थियो ।




**विस्थापितले जग्गा खरिद गरे**

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले जारी गरेको “भूकम्प पीडितलाई बसोबास योग्य जग्गा खरिद सम्बन्धी कार्यविधी, २०७४” मा उल्लेख भएको प्रावधान अनुरुप आत्मनिर्भर केन्द्रको सहजीकरणमा यस महिना सिन्धुपाल्चोक, धादिङ्ग र रसुवा जिल्लाका ४१ परिवारले जग्गा खरिद गरी १.०९७ हेक्टर जमिनमा आफ्नो स्वामित्व कायम गरी पुनर्निर्माणको काम सुरु गरेका छन् ।




## क्षमता विकास तालिम सम्पन्न

सिन्धुपाल्चोक जिल्लाको भोताङ्गमा दुई दिने नेतृत्व विकास तालिम १८–१९ फेब्रुअरी, २०१८ मा सम्पन्न भएको छ । स्थानीय आमा समुह र जिल्ला खानेपानी उपभोक्ता समुहका २१ महिला सदस्यको सहभागीतामा सो तालिमको आयोजना भएको हो । तालिमको मुख्य उद्देश्य आमा समुह र जिल्ला खानेपानी उपभोक्ता समुहका सदस्यहरुलाई समानता र समतासम्बन्धीका विषयमा जानकारी गराई क्षमता विकास गर्ने रहेको थियो । तालिमको सहजीकरण आत्मनिर्भर केन्द्रकी अधिकृत जानुका कन्दङ्गवाले गर्नुभएको थियो ।


आयोजक
सहयोग